धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**हिमालयन बैंक लिमिटेड कोष प्रवर्द्धक तथा हिमालयन क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको**

HIMALAYAN MUTUAL FUND

**हिमालयन म्युचुअल फण्ड**

**अन्तर्गत संचालित**

# हिमालयन ८०–२० (HIMALAYAN 80-20)

**को**

# इकाईधनी दर्ता किताब बन्द हुने बारेमा सूचना

हिमालयन बैंक लिमिटेड कोष प्रवर्द्धक तथा हिमालयन क्यापिटल लिमिटेड योजना व्यवस्थापक रही संचालनमा रहेको हिमालयन ८०-२० (HIMALAYAN 80-20) ले आर्थिक वर्ष २०८०/८१ को लेखापरिक्षणको कार्य सम्पन्न भई योजना व्यवस्थापकको मिति २०८१/०६/२१ गते दिउँसो ३:०० बजे बसेको सञ्चालक समितिको ६८ औ बैठकले आर्थिक वर्ष २०८०/८१ को लागि कर सहित ६ (छ) प्रतिशत नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौ । उक्त प्रतिफल वितरण प्रयोजनार्थ मिति २०८१/०७/०९ गते एक दिन योजनाको ईकाइधनी दर्ता पुस्तिका बन्द हुने व्यहोरा सबैको जानकारीको लागी सूचित गरिन्छ ।

तोकिएको दर्ता किताब बन्द हुने मिति भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्च लिमिटेड (नेप्से)को प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधिभित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद प्रतिफलको लागि योग्य हुने हुँदा सम्बन्धित सबै इकाईधनीहरु तथा खरिदकर्ताहरुले सोहि अनुसार इकाई नामसारी गर्न/गराउनु हुन अनुरोध गर्दछौं ।

साथै, प्रतिफल रकम योग्य इकाईधनीहरुको बैंक खातामा रकमान्तर गरि भुक्तानी गरिने हुँदा सम्बन्धित सबैलाई आफ्नो निक्षेप सदस्यकोमा सम्पर्क गरि आफ्नो हितग्राही खातामा बैंक विवरण (Bank Details) अद्यावधिक गराउनु हुन समेत अनुरोध गर्दछौं ।

**पुनश्च** : योजनाको इकाई धितोमा राख्नु भएका योग्य इकाईधनी महानुभावहरुले प्रतिफल प्राप्त गर्न अनिवार्य रुपमा सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र पेश गर्नु पर्नेछ । उक्त स्वीकृति पत्र सम्बन्धित बैंक/वित्तीय संस्था मार्फत इमेल ठेगाना rta@himalayancapital.com मा पठाउन सकिनेछ ।


**योजना व्यवस्थापकः**

Himalayan Capital

A Subsidiary of Himalayan Bank Limited

पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५

इमेलः info@himalayancapital.com,

वेवसाइटः www.himalayancapital.com

**कोष प्रवर्द्धकः**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

पो.ब.नं. २०५९०, कमलादी, काठमाडौं, फोनः ०१-४२२७७४९, ४२४६२१९

इमेलः himal@himalayanbank.com,

वेवसाइटः www.himalayanbank.com